बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

## बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः ८२

मितिः २०७९/०९/२३

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री तुल बहादुर पुन | स्वास्थ्य शाखा संयोजक |
| २. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| ३. | श्री धन बहादुर ओली | शिक्षा अधिकृत |
| ४. | श्री कृष्ण रोकाय | ना प्रा स |
| ५. | श्री देवदत्त रिजाल | प्रशासन पाचौं |
| ६. | श्री चन्द्रप्रकाश ओली | सव इन्जिनियर |
| ७. | श्री अन्तिम दमाई | कार्यालय सहयोगी |

**प्रस्ताव:**

१. घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र शुल्क सम्बन्धमा
२. फर्म सूचिकृत शुल्क सम्बन्धमा
३. उपभोक्ता समितिको दर्ता शुल्क
४. समपुरक तथा विशेष अनुदान योजना सिफारिस सम्बन्धमा
५. विविध

१.१. अध्यक्ष कप सम्बन्धमा।

१.२. सूचिकृत बेरोजगार व्यक्तिलाई कार्यस्थलमा आधारित सिप विकाश तालिम सञ्चालन सम्बन्धमा।

१.३. साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना तथा सञ्चालन सम्बन्धमा।

१.४. रोजगार सेवा केन्द्रलाई हाते औजार उपलब्ध गराउने सम्बन्धमा।

१.५. विपदको राहत सम्बन्धमा।

१.६. प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धमा।

१.७. इन्धनको सम्बन्धमा।

१.८. रोजगार मेला सञ्चालन सम्बन्धमा।

१.९. कार्यविधि सम्बन्धमा तथा नीति सम्बन्धमा ।

२.१. बजेट रकमान्तर सम्बन्धमा।

२.२. कार्यक्रमको शिर्षक परिवर्तन सम्बन्धमा।

२.३. योजना तथा कार्यक्रम सम्बन्धमा।

२.४. तलब सम्बन्धम।

**निर्णय:**

प्रस्ताव नं १ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७४ को दफा १०(१) बमोजिम इजाजतपत्र लिँदा लाग्ने शुल्कको रकम आर्थिक ऐनमा संशोधन गरी **रु २५,०००।(पच्चीस हजार मात्र)**कायम गर्ने निर्णय गरियो।

प्रस्ताव नं २ माथि छलफल गर्दा थबाङ गाउँपालिकामा निर्माण, परामर्श, मालसामान र अन्य सेवा उपलब्ध गराउन इच्छुक व्यक्ति, सँस्था वा फर्मलाई गाउँपालिकामा सूचिकृत हुन **(स्थानीय व्यक्ति, फर्म वा सँस्थालाई निशुल्क), अन्यलाई रु १०००।(एक हजार रुपैया मात्र)** र **निर्माण व्यवसायी**लाई ५०००/(पाँच हजार रुपैया मात्र) शुल्क तोक्ने निर्णय गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा थबाङ गाउँपालिकामा उपभोक्ता समितिबाट सञ्चालन हुन तोकिएका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न गठन भएका उपभोक्ता समितिहरूलाई पालिकामा दर्ता गर्दा दर्ता शुल्क देहाय बमोजिम लाग्ने गरी दर्ता शुल्क तोक्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं | योजनाको लागत | दर्ता शुल्क |
|---|---|---|
| १ | १ लाख सम्म | ५०० |
| २ | १ लाख देखि ५ लाख सम्म | १००० |
| ३ | ५ लाख देखि १० लाख सम्म | १५०० |
| ४ | १० लाख देखि २० लाख सम्म | २००० |
| ५ | २० लाख देखि ३० लाख सम्म | २५०० |
| ६ | ३० लाख देखि ४० लाख सम्म | ३००० |
| ७ | ४० लाख देखि ५० लाख सम्म | ३५०० |
| ८ | ५० लाख देखि ६० लाख सम्म | ४००० |
| ९ | ६० लाख देखि ७० लाख सम्म | ४५०० |
| १० | ७० लाख देखि १ करोड सम्म | ५००० |

प्रस्ताव नं ४ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट मिति २०७९/०८/१९ गते प्रकाशन गरिएको सूचना अनुसार मिति २०७९/०९/२२ गते आ.व. २०८०/०८१ को लागि संघीय समपूरक तथा विशेष अनुदानबाट सञ्चालन हुने योजना सिफारिसका लागि गाउँपालिकामा बसेको बैठकबाट सर्वसम्मतिले छनौट गरेको देहायका योजनाहरूलाई राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं | योजनाको नाम | स्थान | अनुदान | अवधि(वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवन व्यवस्थापन | थबाङ गा.पा १ | समपुरक | ३ | |
| २ | ४ नं वडा कार्यालय | थबाङ गा.पा ४ | समपुरक | २ | |
| ३ | थबाङ गा.पा खेलकुद कबर्ड हल | थबाङ गा पा १ | समपुरक | १ | |
| ४ | मलागिरी खोला मोटरेवल पुल | थबाङ गा पा ४ | समपुरक | १ | |
| ५ | सिवरी खोला मोटरेवल पुल | थबाङ गा पा ३ | समपुरक | १ | |
| ६ | जाया राणाँगाउँ लिफ्ट खानेपानी आयोजना | थबाङ गा पा ३ | विशेष | २ | |
| ७ | पलबाङ दिसारी डुलिडाँडा खानेपानी आयोजना | थबाङ गा पा २ | विशेष | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ने रा आ वि घोराबाङ कम्पाउन्ड तथा घेरबार | थबाङ गा पा ४ | विशेष | १ | |
| ९ | सुरवाङ खानेपानी आयोजना | थबाङ गा पा ५ | विशेष | १ | |
| १० | चिटीबाङ खानेपानी आयोजना | थबाङ गा पा १ | विशेष | १ | |

प्रस्ताव नं ५ माथि छलफल गर्दा अध्यक्ष कप २०७९/११/०१ देखि थबाङ गाउँपालिकाको खुल्ला मञ्चमा सञ्चालन गर्ने निर्णय गरियो।

यस गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ३ कार्यस्थलमा आधारित सिप विकाश तालिम सञ्चालन गर्ने निर्णय गरियो।

यस थबाङ गाउँपालिकाको आ.व २०७९/०८० को गरिवी निवारण कार्यक्रम अन्तर्गत अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापनाका लागि साझा सुविधा केन्द्र स्थापना गरी सञ्चालन गर्ने निर्णय गरियो।

यस थबाङ गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आवश्यक पर्ने हाते औजार आश्यकता अनुसार वडाबाट बजेट विनियोजन गरी वडा कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो।

यस गाउँपालिकाको कार्यालयमा कानून बमोजिम रित पुगि पेश हुन आएका विपदको राहत सम्बन्धी निवदेन उपर छलफल गरी तपसिल बमोजिमका व्यक्तिहरूलाई राहत निम्न रकमका दरले राहत दिने निर्णय गरियो।

**तपसिल**

| | | |
|---|---|---|
| १. मोल्टे रोका मगर | पूर्ण क्षति | रु ८,०००/- |
| २. धनिमान बुढा | पूर्ण क्षति | रु १०,०००/- |
| ३. शंकर झाँक्री मगर | पूर्ण क्षति | रु १०,०००/- |

यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरूको लागि यस अघि कार्यपालिकाले निर्धारण गरेको फिल्ड भत्ता संशोधन गरी मासिक पारिश्रमिकको ३५ प्रतिशत कायम गरी कन्टिन्जेन्सी रकमबाट खर्च गर्ने निर्णय गरियो।

यस पालिकामा कार्यरत कर्मचारीहरूमध्ये प्राविधिक शाखाका कर्मचारीहरूलाई मासिक १५ लिटर र अन्य कर्मचारीलाई मासिक १० लिटरका दरले पारिश्रमिकसँगै इन्धन (कार्यालय प्रयोजन) शिर्षकबाट भुक्तानी हुने गरी इन्धन उपलब्ध गराउने निर्णय गरियो।

यस गाउँपालिकाको आ.व २०७९/०८० को दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना अन्तर्गत वृत्ति मार्गनिर्देशन तथा रोजगार मेला आयोजना मिति २०७९/११/१५ गते थबाङ गाउँपालिकाको खुलामञ्चमा १ दिने रोजगार मेला सञ्चालन गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको व्यावसायिक फलफुल बगैचा प्रवर्दन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७९, जग्गा खरिद तथा प्राप्ति सम्बन्धी कार्यविधि २०७९, कृषि विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७९ र थबाङ गाउँपालिका स्वास्थ्य नीति २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको निम्न योजना/कार्यक्रममा समावेश भएको बजेट मध्ये तपसिल बमोजिमको बजेट रकम तपशिलका योजनामा रकमान्तर गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | रकमान्तर गर्ने बजेट रकम | रकमान्तर गरिने योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | मिरुल स्वास्थ्य चौकी भवन निर्माण | २०,००,००० | प्रशासनिक भवन निर्माण | |
| २ | उवा वेशी दाङ्सगा भङरङ सडक वडा नं ५ | ६,५०,००० | प्रशासनिक भवन निर्माण | |
| ३ | घोराबाङ गुराँसे फुन्टिबाङ सडक वडा नं १ र ४ | ९,५०,००० | प्रशासनिक भवन निर्माण | |
| ४ | थर्पू घोराबाङ तेलखोला भङरङ सडक वडा नं ४ र ५ | ९,७०,००० | प्रशासनिक भवन निर्माण | |
| ५ | डुलिडाँडा चलाबाङ सडक वडा नं २ | १०,००,००० | प्रशासनिक भवन निर्माण | |
| ६ | फुन्टिबाङ खेरबाङ खानेपानी वडा नं १ | ८,५०,००० | प्रशासनिक भवन निर्माण | |
| ७ | युद्ध स्मारक तथा संग्राहालय व्यवस्थापन | ५,००,००० | प्रशासनिक भवन निर्माण | |
| ८ | कर्मचारी जनप्रतिनिधिबिच अभिमुखिकरण कार्यक्रम | ५०,००० | छर्लोबाङ सिढी सिमेन्ट खरिद | |
| ९ | टोल विकास संस्थालाई डस्टविन वितरण | ५०,००० | दहबाङ सिढी सिमेन्ट खरिद | |
| १० | जलजला अस्पताल तथा अनुसन्धान केन्द्रमा डेस्कटप र प्रिन्टर खरिद | २००००० | डिजिटाइजेसन सफ्टवेयर खरिद | २६०००० |
| ११ | होम फ्रिज खरिद | ६०००० | | |
| १२ | होम फ्रिज खरिद | २००००० | लेजर प्रिन्टर खरिद- | ३०००० |
| १३ | | | डट प्रिन्टर खरिद-२ | ६०००० |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | गर्भवती महिला र बालबालिकाहरुका लागि आयोडिन नून खरिद | ५०००० |
| १५ | मलागिरी देखि ने रा आ वि सम्म मोटरबाटो निर्माण | २००००० | श्री ने रा आ विलाई च्यानर गेट र मर्मत | १००००० |
| १६ | | | श्री बहुउद्देश्य कृषि फर्मलाई तितेपाटी खेति विस्तार | १००००० |
| १७ | आवधिक तथा मध्यमकालिन खर्च संरचना | २५,००,००० | प्रशासनिक भवन निर्माण | २९२००० |
| १८ | | | मिरुल टुटु जाया मोटरबाटो निर्माण | ११०८००० |
| १९ | | | ५ नं वडाको बाटो मर्मत तथा सरसफाई | ९००००० |
| २० | | | वडा नं ४ मोटरबाटो सरसफाई तथा मर्मत | १००००० |
| २१ | | | वडा भरिका मोटरबाटो सरसफाई तथा मर्मत | १००००० |

यस थबाङ गाउँपालिकाको लागि आ व २०७९/०८० को लागि बहुक्षेत्रीय पोषण कार्यक्रमको बार्षिक कार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

यस थबाङ गाउँपालिकाको जलजला अस्पताल तथा अनुसन्धान केन्द्र, उवा स्वास्थ्य चौकी र स्वास्थ्य चौकी मिरुलमा कार्यरत त्रमशः श्री रोशनी बुढा, बिमला पुन मगर र भावना पुन मगरलाई सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको बजेटबाट चौथो तहले पाउने तलब बमोजिम बजेट पुग्ने देखिएको हुदाँ २०७९ साउनदेखि तलब दिने निर्णय गरियो ।

यस गाउँपालिकाको आ.व २०७९/०८० मा विनियोजित कृषि उपज संकलन तथा भण्डारण कक्ष निर्माण म्याचिङ शिर्षकबाट उक्त योजना सञ्चालनका लागि स्थल/जग्गा दानमा प्राप्त गर्नका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।